# प्रेस विज्ञप्ति- ३५२

# Press Release- 352

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौं
मिति: २०८१।०१।१२ गते।

## मेडिकल पसलमा प्रहरीद्वारा छापा ३ जना नियन्त्रणमा

**काठमाण्डौ उपत्यकामा मेडिकल पसल संचालन गरी नियन्त्रित लागु औषधको रूपमा प्रयोग हुने औषधी बिक्री बितरण भई रहेको भन्ने गोप्य सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरो तथा औषधी व्यवस्था बिभागबाट संयुक्त रूपमा खटिएको टोलीले निम्न मिति र स्थानबाट ३ जना मानिस पक्राउ गरी थप अनुसन्धान तथा कारवाहीको लागि औषधी व्यवस्था बिभागमा पठाईएको।**

- मिति २०८१।०१।१२ गते जिल्ला काठमाण्डौ, कागेश्वरी न.पा. वडा नं. ८ बाट गोगो फार्मेसीका संचालक जिल्ला सर्लाही बर्थहवा न.पा. ९ बस्ने बर्ष २६ को निरस कुमार महत्तो र जिल्ला भक्तपुर, मध्यपुर ठिमी न.पा. वडा नं. ०९ वोडेबाट टिसा फार्मेसीका संचालक जिल्ला भक्तपुर, मध्यपुर ठिमी न.पा. वडा नं. ८ बस्ने बर्ष ३३ को राजु सिपाई र उक्त फार्मेसीमा कार्यरत जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं. १० बस्ने बर्ष २० को सतेन्द्र यादवले नियन्त्रित लागु औषधको रुपमा प्रयोग हुने औषधी बिक्री बितरण भई रहेको छ भन्ने गोप्य सूचना यस ब्यूरोका प्रहरी कर्मचारीलाई प्राप्त भई उल्लेखित औषधी पसलमा लागु औषध नियन्त्रण ब्यूरो र औषधी ब्यवस्था बिभागबाट खटिएको संयुक्त टोलीले खानतलासी गर्दा निम्न औषधीहरु मेडिकल पसलबाट बरामद गरी थप अनुसन्धान तथा कारवाहीको लागी औषधी ब्यवस्था बिभाग काठमाण्डौ दाखिला गरेको।

निम्न:-

| Decolic | Antikof | Tapentadol | Tracedol | Tramol | Pandol | Trupain | Tramnil | Opotap |
|---|---|---|---|---|---|---|---|---|
| 1420 | 970 | 480 | 80 | 149 | 130 | 80 | 750 | 44 |



नियन्त्रित लागु औषध

**प्रवक्ता / सूचना अधिकारी**
(रामेश्वर कार्की)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३